# नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ केन्द्रीय समिति सञ्चारग्राम, काठमाडौं Central Committee Federation of Nepali Journalists


मिति : २०७५।०५।२५

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ ललितपुर शाखाका सभासद् एवं खोजतलास डटकम र खोजतलास साप्ताहिकका प्रधानसम्पादक राजु बस्नेतलाई अदालतको आदेश भन्दै प्रहरीले पक्राउ गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

पत्रकार बस्नेतलाई समाचारको विषयलाई लिएर विद्युतीय कारोवार ऐन अन्तर्गतको मुद्दामा अनुसन्धान गर्न भनी प्रहरी आज विहान ललितपुरको गोदावरी नगरपालिका-१२ स्थित निवासबाट पक्राउ गरेको हो ।

समाचारको विषयमा उठेका वा परेका उजुरी हेर्ने अधिकार प्रेस काउन्सिलको नेपालको हो । यसलाई बेवास्ता गर्दै प्रहरीले पत्रकारलाई पक्राउ गरिनु प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप हो । महासंघ प्रहरीको यो ज्यादतीप्रति घोर भर्त्सना गर्दछ । र, पक्राउ परेका पत्रकार बस्नेतलाई ससम्मान रिहा गरी प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

रमेश विष्ट

महासचिव


फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org